भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको ६० औं बैठकका निर्णयहरु :

**निर्णय नं. १ :**

यस भगवतीमाई गाउँपालिकाको चालु आ.व. २०७६।०७७ मा कृषि सेवा केन्द्रको कार्यक्रम कार्यान्वयनको लागि कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

यस भगवतीमाई गाउँपालिकाको चालु आ.व. २०७६।०७७ मा पशु सेवा केन्द्रको कार्यक्रम कार्यान्वयनको लागि पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

शिक्षा, युवा तथा खेलकूद शाखाबाट मस्यौदा भई विधायन समितिमा छलफल पश्चात कार्यपालिकामा पेश भएको **"भगवतीमाई गाउँपालिकाको खेलकूद निर्देशिका, २०७६"** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

यस चालु आ.व. २०७६।०७७ को लागि स्वीकृत जेष्ठ नागरिक लक्षित कार्यक्रमबाट **"जेष्ठ नागरिकलाई न्यानो कपडा वितरण गर्ने"** निर्णय गरियो ।

**निर्णय नं. ५ :**

यस भगवतीमाई गाउँपालिकाको पर्यटन क्षेत्रको प्रवर्द्धन र विकास गरी भ्रमण वर्ष २०२० लाई सफल बनाउनको लागि देहाय वमोजिमको **गाउँपालिका स्तरीय पर्यटन प्रवर्द्धन समिति** गठन गर्ने निर्णय गरियो ।

| क्र.सं. | नामथर | ठेगाना | पद |
|---|---|---|---|
| १ | श्री दानबहादुर थापा | अध्यक्ष, भगवतीमाई गा.पा. | संयोजक |
| २. | श्री चन्द्रा रेग्मी | उपाध्यक्ष, भगवतीमाई गा.पा. | सदस्य |
| ३. | श्री बखतबहादुर खड्का | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. | श्री मानबहादुर बुढा | वडा अध्यक्ष, भगवतीमाई १ | सदस्य |
| ५. | श्री कर्णबहादुर शाही | वडा अध्यक्ष भगवतीमाई २ | सदस्य |
| ६. | श्री दानबहादुर खड्का | वडा अध्यक्ष भगवतीमाई ३ | सदस्य |
| ७. | श्री कृष्णबहादुर थापा | वडा अध्यक्ष भगवतीमाई ४ | सदस्य |
| ८. | श्री कृष्णबहादुर शाही | वडा अध्यक्ष भगवतीमाई ५ | सदस्य |
| ९. | श्री विरशंकर रोकाय | वडा अध्यक्ष भगवतीमाई ६ | सदस्य |
| १०. | श्री रत्नबहादुर शाही | वडा अध्यक्ष भगवतीमाई ७ | सदस्य |
| ११. | श्री बलबहादुर थापा | होटल व्यवसायी | सदस्य |

| | | | |
|---|---|---|---|
| १२ | श्री पञ्चरत्न रेग्मी | अध्यक्ष, उद्योग वाणिज्य संघ । | सदस्य |
| १३. | | ईन्चार्ज, प्रहरी चौकी, वेस्तडा । | सदस्य |
| १४. | श्री दिपक के.सी. | संचार मेडिया | सदस्य |
| १५. | श्री शेरबहादुर खड्का | सरस्वती युवा क्लव, भगवतीमाई गा.पा. | सदस्य |
| १६. | श्री नगेन्द्रबहादुर थापा | अध्यक्ष, शिक्षक महासंघ,<br>भगवतीमाई गाउँपालिका । | सदस्य |
| १७ | श्री भरतबन्धु थापा | अभिन्यूट टेलिभिजन | सदस्य |
| १८. | श्री ज्ञानेन्द्रबहादुर शाही | कलाकार | सदस्य |
| १९. | श्री कमल शर्मा | पत्रकार | सदस्य |
| २० | श्री सी.पी. शर्मा | गै.स.स. | सदस्य |
| २१. | श्री टोपबहादुर बुढा | आर्थिक तथा सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं. ६ :**

यस भगवतीमाई गाउँपालिकाको चालु आ.व. २०७६।०७७ मा संचालन हुने राष्ट्रपति रनिङ्ग शिल्ड खेलकूद प्रतियोगिता पौष मसान्तभित्र सम्पन्न गर्नको लागि शिक्षा, युवा तथा खेलकूद शाखालाई निर्देशन गर्ने ।

**निर्णय नं. ७ :**

यस भगवतीमाई गाउँपालिकाको कृषि विकास समितिको मिति २०७६।०८।१५ गतेको बैठकबाट यस गाउँपालिकाको वडा नं. १ र ३ मा एकीकृत कृषि सेवा केन्द्र स्थापना गर्नको लागि सिफारिस भएको हुँदा वडा नं. १ र ३ मा एकीकृत कृषि सेवा केन्द्र स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतको सशर्त अनुदान कार्यक्रम अन्तर्गत निर्माण गरिने कट्टी –ढकारडाँडा –पालत –बाँसे –चिपिन सडक (वडा नं. ६) अन्तर्गत पालत–बाँसे खण्डमा पहिरोको कारणले सडक निर्माण गर्न कठिन हुने भएको हुँदा उक्त सडकको नाम चिपिन –गोठी–कट्टी सडक कायम हुने गरी संशोधनको लागि कर्णाली प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतको सशर्त अनुदान कार्यक्रम अन्तर्गत निर्माण गरिने वडाभैरव –कट्टी –पगनाथ –जगनाथ –मेहेलतोली (वडा नं. १ देखी वडा नं. ७ सम्मको) सडक भगवतीमाई गाउँपालिका वडा नं. ७ वडाभैरव (कैलाशडाँडा) बाट सुरुवात गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :**

यस भगवतीमाई गाउँपालिकाको **"भगवतीमाई खेलकूद निर्देशिका २०७६"** बमोजिम देहाय वमोजिमको खेलकूद समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं. | पद | नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | अध्यक्ष | शेरबहादुर खड्का | भगवतीमाई ५, दैलेख | |
| २. | उपाध्यक्ष | सपना खड्का | भगवतीमाई १, दैलेख | |

| | | | | |
|---|---|---|---|---|
| ३. | सदस्य | खगेन्द्र सिंह | भगवतीमाई ६, दैलेख | ब्याटमिन्टन |
| ४. | सदस्य | ईश्वर खड्का | भगवतीमाई ५ दैलेख | भलिबल |
| ५. | सदस्य | सुरज बोहोरा | भगवतीमाई ३ दैलेख | क्रिकेट |
| ६. | सदस्य | गगन शाही | भगवतीमाई २ दैलेख | एथ्लेटिक्स |
| ७. | सदस्य | बलबहादुर थापा | भगवतीमाई १ दैलेख | |
| ८. | सदस्य | सुरेन्द्र थापा | भगवतीमाई ४ दैलेख | |
| ९. | सदस्य | चेतन थापा | भगवतीमाई ७ दैलेख | |
| १०. | सदस्य | तेजबहादुर नेपाली | भगवतीमाई २, दैलेख | |
| ११. | सदस्य सचिव | मानबहादुर विश्वकर्मा | शिक्षा, युवा तथा खेलकूद शाखा, भगवतीमाई गाउँपालिका, दैलेख । | |

**निर्णय नं. ११** :

कर्णाली प्रदेश सरकारबाट संचालन हुने मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा कार्यान्वयन गर्नको लागि तपसिलका योजनाहरु छनौट गरी पठाउने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १. | हे.पो.–मानाखोला सडक स्तरोन्नती | वडा नं. १ | |
| २. | माथिल्लो चिम्तोला – मालिका मन्दिर पर्यटन मार्ग निर्माण | वडा नं. १ | |
| ३. | भुवाल्न –रानीचौर –ढाँणगाउँ सडक स्तरोन्नती | वडा नं. २ | |
| ४. | गाउँपालिका भवन निर्माणस्थल जाने बाटोमा पहिरो नियन्त्रण | वडा नं. २ | |
| ५. | रातामाटा –भुर्सुली –कुदुर्क सडक स्तरोन्नती | वडा नं. ३ | |
| ६. | विदाने –स्वास्थ्य चौकी जाने बाटो निर्माण | वडा नं. ३ | |
| ७. | घुम्ने –तुर्सु सडक स्तरोन्नती | वडा नं. ४ | |
| ८. | स्वास्थ्य चौकी पहिरो नियन्त्रण र प्रसुती गृह निर्माण | वडा नं. ४ | |
| ९. | भेरेखोला –कचाली पर्यटन सडक निर्माण | वडा नं. ५ | |
| १०. | वडाखोला– चौर सिंचाई कुलो निर्माण | वडा नं. ५ | |
| ११. | बालुवा –राउलाचौर सडक स्तरोन्नती | वडा नं. ६ | |
| १२. | ने.रा.पिपल आ.वि. घेरवार | वडा नं. ६ | |
| १३. | ने.रा.आ.वि पर्खाल निर्माण | वडा नं. ७ | |
| १४. | कोट – ने.रा.आ.वि. सडक स्तरोन्नती | वडा नं. ७ | |

**निर्णय नं. १२** :

भगवतीमाई गाउँपालिकाको पाँचौ गाउँसभाबाट तपसिलका आयोजनामा विनियोजित रकम समपुरक कोषको रुपमा सम्वन्धित आयोजनामा साझेदारी गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम | रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| १. | वावितडा–चिपिन पिपल चौतारा–नयाँ वस्ती टोल–मालिका सडक स्तरोन्नती तथा निर्माण | १४००। | समपुरक कोषमा गाउँसभाबाट विनियोजित रु. ३००००००। र २ वटा योजनाको रकम रु.४८०००००। गरी समपुरक कोषको लागि जम्मा रकम रु.३४८०००००। कायम हुने । |
| २. | वावियातडा –हे.पो हुँदै मानाखोला – खौले सडक स्तरोन्नती | ३४००। | |

**निर्णय नं. १३** :

भगवतीमाई गाउँपालिकाको पाँचौ गाउँसभाबाट समपुरक कोषको लागि विनियोजित रकम रु. ३४८०००००। देहाय वमोजिम बाँडफाँड गर्ने निर्णय गरियो ।

| क्र. सं. | आयोजना/कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | रकम (रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | संघीय समपुरक अनुदान | प्रदेश समपुरक अनुदान | गा.पा. को साझेदारी | अन्य साझेदार निकायको अनुदान | जम्मा |
| १. | तिदुघाट – चिपिन मोटरबाटो निर्माण | वडा नं. ६ | ० | ६०००। | ६०००। | ० | १२०००। |
| २. | वावियातडा –हे.पो – वडा कार्यालय विन्ध्यावासिनी मन्दिर सडक स्तरोन्नती | वडा नं. १ | ० | ७५००। | ७५०००। | ० | १५०००। |
| ३. | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | | ० | ० | ७०००। | | |
| ४. | बहुक्षेत्रीय पोषण योजना | | ० | ० | ८००। | १३५६। | २१५६। |
| ५. | आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) तयारी | गा.पा. | ० | ० | १५००। | ० | २०००। |
| ६. | विविध समपुरक | | | | १२०००। | | |
| | जम्मा | | | १३५००। | ३४८००। | २२९९७। | |

**निर्णय नं. १४ :**

नेपाल सरकार, राष्ट्रिय योजना आयोगबाट प्रकाशित सूचना वमोजिम आगामी आ.व. २०७७।०७८ को लागि यस गाउँपालिका अन्तर्गत नेपाल सरकारबाट प्राप्त समपुरक अनुदान रकमबाट कार्यान्वयन गर्न तपसिल वमोजिमका आयोजना प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं. | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १. | गाउँपालिका कार्यालय भवन निर्माण | वडा नं. २ | |

| | | | |
|---|---|---|---|
| २. | २ नं. वडा कार्यालय भवन निर्माण | वडा नं. २ | |
| ३. | ७ नं. वडा कार्यालय भवन निर्माण | वडा नं. ७ | |

**निर्णय नं. १५ :**

नेपाल सरकार, राष्ट्रिय योजना आयोगबाट प्रकाशित सूचना वमोजिम आगामी आ.व. २०७७।०७८ को लागि यस गाउँपालिका अन्तर्गत नेपाल सरकारबाट प्राप्त हुने विशेष अनुदान रकमबाट कार्यान्वयन गर्न तपसिलका आयोजना प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १. | वेस्तडा वृहत खानेपानी आयोजना | वडा नं. १ र २ | |
| २. | वडाभैरव स्वास्थ्य चौकी भवन निर्माण | वडा नं. ७ | |
| ३. | १५ शैयाको अस्पताल निर्माण | वडा नं. ३ | |

**निर्णय नं. १६ :**

चालु आ.व. २०७६।०७७ मा यस भगवतीमाई गाउँपालिकाको आयोजनामा संचालन हुने राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको लागि रु. २५००००। विनियोजन गरिएकोमा उक्त खेलकूद प्रतियोगिता संचालन गर्न सो रकम अपुग भएको हुँदा खेलकूद प्रतियोगिता शिर्षकबाट रु. ९५००० खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ :**

यस गाउँपालिकाबाट आ.व. २०७५।०७६ मा संचालित ठेक्का नं. 09/BRM/2075/076 (विद्युत लाईन विस्तार कार्य वडा नं. २, ३ र ४) को कार्य सम्पन्न गर्ने म्याद २०७६।०९।०४ गतेसम्म रहेकोमा सम्वन्धित निर्माण व्यवसायीले म्याद थपको लागि निवेदन दिएको हुँदा उक्त ठेक्काको २०७७ बैशाखमसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८ :**

यस गाउँपालिकाबाट आ.व. २०७५।०७६ मा संचालित ठेक्का नं. 10/BRM/2075/076 (वावियातडा हे.पो. वडा कार्यालय विन्ध्यावासिनी सडक निर्माण वडा नं. १) को कार्य सम्पन्न गर्ने म्याद २०७६।०८।३० गतेसम्म रहेकोमा सम्वन्धित निर्माण व्यवसायीले म्याद थपको लागि निवेदन दिएको हुँदा उक्त ठेक्काको २०७६ फागुन १० सम्म म्याद थप गर्ने र सो म्यादभित्र कार्य सम्पन्न नगरेमा सार्वजनिक खरिद ऐन, नियमावली वमोजिम कारवाही अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १९ :**

यस गाउँपालिकाबाट आ.व. २०७५।०७६ मा संचालित ठेक्का नं. 15/BRM/2075/076 (धारा घुम्ने सडक निर्माण) को कार्य सम्पन्न गर्ने म्याद २०७६।०८।३० गतेसम्म रहेकोमा सम्वन्धित निर्माण व्यवसायीले म्याद थपको लागि निवेदन दिएको हुँदा उक्त ठेक्काको २०७६ चैत्र मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।